
वर्ष ६, अंक ४, साउन

नेपाल प्रहरी
सत्य सेवा सुरक्षणम्



# अपराध अनुसन्धान

## मासिक ई-बुलेटिन



नेपाल प्रहरी प्रधान कार्यालय
अपराध अनुसन्धान विभाग

"वस्तुनिष्ठ अपराध अनुसन्धान, मानव अधिकारको सम्मान"

# विषय सूची

**प्रमुख सल्लाहकार**
प्र.अ.म.नि. टेक बहादुर तामाङ

**सल्लाहकार**
प्र.ना.म.नि. सुरेन्द्र प्रसाद मैनाली
प्र.ब.उ. मोहन प्रसाद पोखरेल

**सम्पादक मण्डल**
प्र.ना.नि. गणेश बहादुर थिङ
प्र.स.नि. दुर्गा लक्ष्मी बस्नेत


**संकलन**
प्र.स.नि. दुर्गा लक्ष्मी बस्नेत
प्र.ज. भावना चन्द

**ले-आउट/ग्राफिक्स**
प्र.ज. भावना चन्द


| | |
|---|---|
| विभागीय गतिविधि | १ – ३ |
| अपराध तथ्याङ्क | ४ – ९ |
| प्रहरी सेवा प्रवाह | १० –१२ |
| खोजतलास तथा समन्वय | १३ |
| अपराध अनुसन्धानमा सहायता प्रदान | १४ –१५ |
| अपराध समाचार | १६–२१ |
| उत्कृष्ट अनुसन्धान | २२ |



समुदाय-प्रहरी साझेदारी
शान्तिपूर्ण एवम् सुरक्षित समाजका लागि
नेपाल प्रहरी
सत्य सेवा सुरक्षणम्
WORLD SUICIDE PREVENTION DAY 10 SEP
'Take a Minute, Change a Life'
उद्धार तथा सहयोगको लागि:
"नियमित व्यायाम, सन्तुलित आहारविहार र स्वस्थ व्यवहार, सन्तुलित मानसिक स्वास्थ्यको आधार"
"आशा बढाऔं, आत्महत्या रोकौं"
'Creating Hope Through Action'
आत्महत्या सम्बन्धी सोचाई उत्पन्न भएमा स्वयम्ले तत्काल कसैसँग अभिव्यक्त गर्ने
सन्तुलित आहार र स्वस्थ व्यवहार
शारीरिक व्यायाम, योग र ध्यान
जोखिमयुक्त साधनको पहुँचबाट टाढा
आत्महत्या रोकथामका उपायहरु
माया र हेरविचार (Love and Care)
लागुऔषध र मादक पदार्थ सेवनबाट टाढा
आत्महत्या सम्बन्धी समाचार सम्प्रेषणमा संवेदनशीलता
मनोचिकित्सक वा मनोसामाजिक परामर्श
नेपाल प्रहरी : १००
नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग ,नक्साल
सम्पर्क नं. ०१-४४१२७४८
हेलो ११६६
आत्महत्या गर्ने सोच आएमा
राष्ट्रिय आत्महत्या रोकथाम हेल्प लाईन ११६६ मा सम्पर्क गरी परामर्श लिनुहोस् ।
यो सेवा २४ सै घण्टा नि:शुल्क उपलब्ध छ ।

समुदाय-प्रहरी साझेदारी
शान्तिपूर्ण एवं सुरक्षित समाजका लागि
'आशा बढाऔं, आत्महत्या रोकौं '
'Creating Hope Through Action'
WORLD SUICIDE PREVENTION DAY 10 SEP
" नियमित व्यायाम, सन्तुलित आहारविहार र स्वस्थ व्यवहार, सन्तुलित मानसिक स्वास्थ्यको आधार"
• आत्महत्या दु:खद दुर्घटना र अकाल मृत्यु हो ।
• आत्महत्या अन्य रोग जस्तै एउटा गम्भीर मानसिक स्वास्थ्य समस्या हो जसले व्यक्ति, परिवार र समाजलाई दीर्घकालीन रुपमा नकारात्मक असर पार्दछ ।
• आत्महत्याको जोखिममा रहेका व्यक्तिहरुको ख्याल राखेर, कुरा सुनेर, सहयोग गरेर आत्महत्या रोकथाम गर्न सकिन्छ ।
आत्महत्या र मानसिक रोग
TAKE A MINUTE, CHANGE A LIFE
• ९० प्रतिशत आत्महत्या मानसिक रोगको कारणले हुने गरेको अध्ययनबाट देखिएको छ ।
• कुनै व्यक्तिको बानी व्यवहारमा परिवर्तन, भावनात्मक रुपले अस्थिर तथा सोच विचारमा परिवर्तन भई दैनिक क्रियाकलापमा असर पर्न गएमा उसलाई मानसिक समस्या वा मानसिक रोग भएको हुनसक्छ ।
• मनोसामाजिक तत्वहरुबाट समेत यो समस्या सिर्जना हुने देखिएको छ ।
• परिवारका कुनै सदस्यमा मानसिक रोगको लक्षण देखिएमा तत्काल उपचारको पद्धतिमा राख्नु पर्दछ ।
मानसिक तनावबाट मुक्त हुन निम्न उपायहरु अपनाऔं
• आफ्ना मनमा लागेका कुराहरु परिवार एवम् साथीहरुसँग खुलेर कुरा गर्ने,
• पर्याप्त मात्रामा निद्रा पुरा गर्ने,
• स्वस्थ र सन्तुलित खानेकुरा खाने,
• दैनिक शारीरिक व्यायाम गर्ने वा खेल खेल्ने,
• योग अभ्यास तथा ध्यान गर्ने,
• आफ्नो काममा रमाएर व्यस्त रहने,
• तनाव एवम् मानसिक समस्या सिर्जना भएमा मनोपरामर्शदाता तथा मनोचिकित्सकसँग परामर्श गर्ने,
• मनोरञ्जनात्मक क्रियाकलापमा सहभागी हुने,
• मादक पदार्थ र लागुऔषधको सेवन नगर्ने ।
आत्महत्या कसरी रोकथाम गर्न सकिन्छ ?
• आत्महत्याको जोखिम भएका व्यक्तिसँग आत्मीय व्यवहार गरौं,
• मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिको मनको कुरा ध्यान दिएर सुनौं,
• मानसिक स्वास्थ्य समस्या भएको व्यक्तिलाई अप्ठ्यारो अवस्थाबाट सुरक्षीत अवस्थामा पुर्याउन सहयोग गरौं,
• सामाजिक मनोविमर्शकर्ता वा मनोचिकित्सकसँग परामर्शमा लैजाऔं तथा उपचारको लागि संवेदनशील रहौं,
• विषादी, डोरी, घातक हतियारहरु मानसिक समस्या भएका व्यक्तिहरुको पहुँचबाट टाढा राखौं,
• आमसञ्चार माध्यमहरुले आत्महत्या घटनाको समाचार सम्प्रेषण गर्दा संवेदनशील बनौं,
• मानसिक स्वास्थ्य समस्या भएको व्यक्तिहरु विरुद्ध हुने हिंसा तथा विभेद रोकौं र संकटबाट उद्धार गरौं,
• मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरुमा समुन्नत जीवनको आशा जगाऔं ।
उद्धार तथा सहयोगको लागि
नेपाल प्रहरी: १००
नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, नक्शाल
सम्पर्क नं. ०१-४४१२७४८
हेलो ११६६
आत्महत्याको सोच आएमा
राष्ट्रिय आत्महत्या रोकथाम हेल्प लाईन ११६६ मा सम्पर्क गरी परामर्श लिनुहोस् ।
यो सेवा २४ सै घण्टा नि:शुल्क उपलब्ध छ ।

## बाढी पहिरोबाट बच्ने उपायहरु !

- बाढी आएको समयमा होचो भूभागमा नजाऔं ।
- वर्षायाममा जोखिमयुक्त नदी तटिय क्षेत्रमा नबसौं ।
- ठूलो पानी परेपछी जमिन कमजोर हुने भएकोले भिरालो जमिनमा बस्दा उच्च सतर्कता अपनाऔं ।
- बाढी आइरहँदा आसपासका क्षेत्रमा आवतजावत नगरौं ।
- आफ्नो गाउँघरका माथिल्ला भागबाट गहिरो कुलो काटी पानीको उचित व्यवस्थापन गरौं ।
- कतै जमिन चिरा परेको देखेमा त्यसभित्र पानी नछिर्ने गरी टालौं र आवश्यक सजगता अपनाऔं ।
- पहिरो कटान र यसले गर्ने क्षतिको आंकलन गरी विकास निर्माणका कामहरु, जस्तै –बाटो खन्ने, ढुंगा निकाल्ने कुला तथा नहर बनाउने कार्यहरु गरौं ।
- एक पटक पहिरो गएको स्थानमा पुनः बसोवास नगरौं । पहिरो गइसकेको ठाउँमा थप क्षति हुन नदिन बोट विरुवाहरु रोप्ने लगाएत अन्य रोकथामका उपायहरु अपनाऔं ।

## जनचेतनामूलक सन्देश !

- " जङगलमा आफै उम्रेका च्याउ जथाभाबी नचिनी खाँदा ज्यानै पनि जान सक्छ । च्याउको पहिचान नगरी नखाँऔ । यस्ता च्याउहरू विषालु पनि पर्न सक्दछन । च्याउको पहिचान गरेर मात्र खाने बानी गरौं"
- "बिभिन्न प्रलोभनमा पारी सस्तोमा डलर साटिदिने जस्ता गैह्र कानूनी काम गर्ने व्यक्तिहरुबाट सचेत रहि ठगिनबाट आफू पनि बचौं र अरूलाई पनि बचाऔं यस्तो जानकारी प्राप्त भएमा नजिकको प्रहरीलाई खबर गरौं"
- "कुनै पनि व्यक्तिले EMAIL, MESSENGER, WHATSAPP,VIBER लगायतका सामाजिक सञ्जालबाट तपाईलाई ठुलो धनराशीको चिठ्ठा पर्‍यो, यसका लागि कर र पार्सलको भुक्तानी गर्न पैसाको आवश्यक्ता पर्ने भएकोले बैंक खातामा पैसा जम्मा गरिदिनु भन्न सक्छ । तपाईलाई यस्ता प्रलोभन आएमा प्रहरीलाई खबर गरी सजक र सतर्क रहनुहोस् । ठगिनबाट आफू जोगिनु होस्, अरूलाई पनि जोगाउनु होस्"

# विभागीय गतिविधि

## प्रहरी महानिरीक्षक बसन्त बहादुर कुवँरद्धारा अपराध अनुसन्धान विभागको निरीक्षण





***काठमाडौं, १४ साउन***

प्रहरी महानिरीक्षक बसन्त बहादुर कुवँरले नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागको निरीक्षण गर्नुभयो। निरीक्षणको क्रममा प्रहरी महानिरीक्षक कुवँरले सूचना प्रविधि निर्देशनालय, महिला बालबालिका तथा जेष्ठ नागरिक सेवा निर्देशनालय तथा विभाग अन्तर्गतका महाशाखा र शाखाको निरीक्षण गर्नुका साथै सम्पादित कामको बारेमा जानकारी लिई प्रभावकारी ढङ्गले कार्यसम्पादन गर्न समेत निर्देशन दिनुभयो।

अपराध अनुसन्धान विभागबाट सम्पादित कार्यहरु, कार्यसम्पादनको क्रममा देखिएका समस्या र निराकरणका लागि अपनाईएका उपायहरु लगायतका विषयमा प्रस्तुतिकरण समेत गरिएको उक्त कार्यक्रममा अपराध अनुसन्धान विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङ, प्रहरी नायव महानिरीक्षक द्वय अरुण कुमार भण्डारी र प्रहरी नायव महानिरीक्षक सुरेन्द्र प्रसाद मैनाली लगायत वरिष्ठ प्रहरी अधिकृतको सहभागिता रहेको थियो।

## कसूरको अनुसन्धानमा देखिएका समस्या र सुधारका उपायहरू विषयक कार्यशाला गोष्ठी सम्पन्न




***काठमाडौं, १५ साउन***

महान्यायाधिवक्ता डा.दिनमणी पोखरेलको प्रमुख आतिथ्यता एवम् प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरको अध्यक्षतामा नेपाल प्रहरी प्रधान कार्यालयमा आयोजित कसूरको अनुसन्धानमा देखिएका समस्या र सुधारका उपायहरू विषयक एक दिवसीय कार्यशाला गोष्ठी सम्पन्न भयो। कार्यशाला गोष्ठी उद्घाटन पश्चात महान्यायाधिवक्ता डा. दिनमणी पोखरेल र प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरले नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागद्वारा प्रकाशित **'CID Magazine'** संयुक्त रूपमा विमोचन गर्नुभयो। गोष्ठी समापन कार्यक्रममा महान्यायाधिवक्ता डा.दिनमणी पोखरेलले गोष्ठीमा भएको छलफलका विषयबस्तुहरू गम्भीर रहेको उल्लेख गर्दै अनुसन्धान र अभियोजनकर्ता बीच एक आपसमा अझ बढी सहयोग र समन्वय भईराखेमा अनुसन्धान र अभियोजनमा राम्रो परिणाम आउने बताउनुभयो। सो अवसरमा प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरले धन्यवाद ज्ञापन तथा समापन मन्तव्य व्यक्त गर्दै फौजदारी न्याय प्रणालीको महत्वपूर्ण स्तम्भको रूपमा रहेको अभियोजनकर्ता सरकारी वकिलको कार्यालय र अनुसन्धानकर्ता नेपाल प्रहरी बीचको व्यावसायिक र समन्वयात्मक सम्बन्धले न्याय प्रणालीलाई अझ सुदृढ, व्यवस्थित र प्रभावकारी बनाउँदै लैजाने चर्चा गर्नुभयो। अपराध अनुसन्धान नेपाल प्रहरीको मुख्य जिम्मेवारी रहेको उल्लेख गर्दै यसको सुदृढिकरणसँगै नेपाल प्रहरीको पनि सुदृढिकरण जोडिएको हुनाले यसको संरक्षण र सम्बर्धनमा सबै प्रहरी कर्मचारी गम्भीर रहेको उहाँले बताउनुभयो। प्रहरी महानिरीक्षक कुँवरले महान्यायाधिवक्ताको कार्यालयका राय सुझावहरू नेपाल प्रहरीले मार्गनिर्देशनको रूपमा ग्रहण गरी अपराध अनुसन्धानको क्षमता अभिवृद्धि र वैज्ञानिक प्रणालीको विकासमा तल्लीन रहेको उल्लेख गर्दै सूचना प्रविधिका आधुनिक माध्यमहरूको प्रयोग, स्पष्ट लक्ष्य र रणनीति सहितको योजनाबद्ध तरिकाले कसूरको अनुसन्धान गर्न नेपाल प्रहरी अग्रसर रहेको बताउनुभयो। सो अवसरमा नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङले स्वागत मन्तव्य व्यक्त गर्नुका साथै गोष्ठीको उद्देश्यबारे जानकारी दिनुभएको थियो। गोष्ठीको दौरानमा नायव महान्यायाधिवक्ता गोपाल प्रसाद रिजालले कसूर अनुसन्धानमा देखिएका समस्या र सुधारका उपायहरू, अधिवक्ता सुवास आचार्यले प्रतिरक्षा वकीलको दृष्टिकोणबाट हाल भइरहेको कसूरको अनुसन्धानमा गरिनुपर्ने सुधारका पक्षहरु र सात वटै प्रदेश प्रहरी कार्यालयका प्रमुखहरुले कसूर अनुसन्धानमा देखिएका

समस्या र सुधारका उपायहरू विषयमा प्रदेशगत प्रस्तुतीकरण गर्नुभएको थियो। साथै खुल्ला छलफलमा उठेका विविध विषयका जिज्ञासाहरुको सम्बन्धित अधिकारीहरुबाट निरूपण गरिएको थियो । नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागद्वारा आयोजित उक्त गोष्ठीमा प्रहरी अतिरिक्त महानिरीक्षकहरू, काठमाण्डौ उपत्यका प्रहरी कार्यालयका प्रमुख, गृह मन्त्रालय, कानून महाशाखाका सहसचिव, सहन्यायाधिवक्ताहरू, सातै प्रदेश प्रहरी कार्यालय तथा नेपाल प्रहरी प्रदेश कार्यालयका प्रमुख, प्रहरी प्रधान कार्यालयमा कार्यरत प्रहरी बरिष्ठ अधिकृतहरु, उपत्यका स्थित व्यूरो प्रमुखहरु, काठमाण्डौं उपत्यका स्थित जिल्ला सरकारी वकिल कार्यालयका प्रमुख, प्रतिरक्षा वकिल, र भर्चुअल माध्यमद्धारा नेपाल प्रहरी शिक्षालय, सातै प्रादेशिक तालिम केन्द्रहरु, सबै जिल्ला प्रहरी परिसर तथा जिल्ला प्रहरी कार्यालयका प्रमुखहरुको सहभागिता रहेको थियो।

## विदाई तथा फेरी भेटौँला कार्यक्रम सम्पन्न





***काठमाडौं,१८ साउन***

अपराध अनुसन्धान विभागबाट जिल्ला प्रहरी कार्यालय, बारामा काज सरुवा हुनु भएका प्रहरी नायव उपरीक्षक दधिराम न्यौपानेलाई **"विदाई तथा फेरि भेटौला"** कार्यक्रम आयोजना गरी विदाई गरियो। उहाँलाई नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागका विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङले कार्यालयको तर्फबाट खादा तथा मायाको चिनो प्रदान गर्नुभई शुभकामना मन्तव्य व्यक्त गर्नुका साथै कार्यक्षेत्रमा कुशलतापूर्वक कार्यसम्पन्न गर्न निर्देशन समेत दिनुभयो। सो अवसरमा विदाई भई जान लाग्नु भएका प्रहरी नायव उपरीक्षक दधिराम न्यौपानेले आफ्नो तर्फबाट प्रतिवद्दता मन्तव्य व्यक्त गर्नुभएको थियो । उक्त कार्यक्रममा सिनियर प्रहरी अधिकृत, जुनियर प्रहरी अधिकृत, प्रहरी हवल्दार र प्रहरी जवानहरुको समेत उपस्थिती रहेको थियो।

## Psychosocial Skill and Gender Based Violence तालिम सम्पन्न



***काठमाडौं, ११ साउन***

नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग र **United Nations Office for Project Services (UNOPS)** को संयुक्त आयोजनामा मिति २०८० साउन ८ गते होटल ल्याण्डमार्क, दरबारमार्ग, काठमाण्डौमा संचालीत ५ कार्यदिन अवधिको **Psychosocial Skill and Gender Based Violence** विषयक आवासिय तालिम अपराध अनुसन्धान विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङको प्रमुख आतिथ्यतामा सम्पन्न भयो। उक्त तालिममा प्रहरी निरीक्षक-७, प्रहरी वरिष्ठ नायव निरीक्षक-१, प्रहरी नायव निरीक्षक-१, प्रहरी सहायक निरीक्षक-३, प्रहरी सहायक हवल्दार-१ समेत जम्मा १३ जना प्रहरी कर्मचारी र UNOPS बाट खटिनु भएका सात जना **Psycho social Counsellor** हरुको सहभागीता रहेको थियो । तालिम समापन कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षक तामाङले सहभागीहरुलाई प्रमाण पत्र वितरण गर्नुका साथै लैंगिक हिंसा पिडीतहरूलाई समयमा नै सेवा तथा परामर्श दिएमा पीडितहरुको मानसिक अवस्थामा सुधार तथा सेवा प्रदायक निकायहरु प्रति सकारात्मक भावना ल्याउन सकिने भएकोले यस तर्फ सबै संवेदनशिल भएर लाग्नु पर्ने लगायतका विषयमा आफ्नो धारणा राख्नु भयो।

## "MS-Office Package" तालिम सम्पन्न



***काठमाडौं, २३ साउन***

राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, महाराजगञ्जको तत्वावधानमा नेपाल प्रहरी प्रधान कार्यालय, सूचना प्रविधि निर्देशनालयमा २०८० श्रावण २ गते देखि संचालित १९ कार्यदिन अवधिको गैह-आवासीय **"MS-Office Package"** आधारभुत तालिम प्रहरी उपरीक्षक सरोज शाक्यको प्रमुख

आतिथ्यतामा सम्पन्न भयो । उक्त तालिममा प्रहरी नायब निरीक्षक २, प्रहरी सहायक निरीक्षक ४, प्रहरी हवल्दार २, प्रहरी सहायक हवल्दार ७ जना र प्रहरी जवान २० सहित जम्मा ३५ जना प्रशिक्षार्थीहरुको सहभागिता रहेको थियो । उक्त तालिममा प्रहरी उपरीक्षक शाक्यले प्रशिक्षार्थीहरुलाई प्रमाण-पत्र वितरण गर्नुहुँदै तालिम सफलता पुर्वक सम्पन्न गर्नुभएकोमा सबैलाई बधाई तथा शुभकामना दिनुका साथै तालिमबाट प्राप्त गरेका ज्ञान, सिप र दक्षतालाई आ-आफ्नो कार्य क्षेत्रमा जिम्मेवारी पूर्वक प्रयोग गर्नुपर्ने समेत बताउनु भयो ।

## बेवारिसे शव व्यवस्थापन लगायतका समसामयिक विषयमा Virtual Meeting सम्पन्न



***काठमाडौं, २६ साउन***

मिति २०८० साउन २६ गते अपराध अनुसन्धान विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङ र काठमाण्डौं उपत्यका प्रहरी कार्यालय, सातै प्रदेश प्रहरी कार्यालय तथा नेपाल प्रहरी प्रदेश कार्यालय, सम्पुर्ण जिल्ला प्रहरी परिसर, जिल्ला प्रहरी कार्यालय, प्रहरी वृत, मुद्दा चल्ने ईलाका प्रहरी कार्यालय एवं वडा प्रहरी कार्यालयका प्रमुखहरु बीच **Virtual Meeting** मार्फत पहिचान नभएका तथा बेवारिसे शव व्यवस्थापन लगायत समसामयिक विषयमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । बेवारिसे शव व्यवस्थापन अभियन्ता डा. सुगम जंग के.सी.को समेत उपस्थिति रहेको उक्त कार्यक्रममा बेवारिसे शव व्यवस्थापनमा आफ्नो प्रस्तुति गर्ने क्रममा डा. के.सी.ले मृतकको फोटो प्रष्ट र औंठाछाप अनिवार्य हुनु पर्ने, बेवारिसे शव नेपाल प्रहरीको अफिसियल वेबसाईटको केन्द्रिय पोर्टलमा सार्वजनिक नगरी दाहसंस्कारका लागि स्थानिय निकायलाई नदिनका लागि अनुरोध गर्नु भयो । उक्त कार्यक्रममा काठमण्डौं उपत्यका प्रहरी कार्यालय तथा सवै प्रदेश प्रहरी कार्यालयले आ-आफ्नो मातहत जिल्लाहरुमा अपराध अनुसन्धान तथा पहिचान नभएका तथा बेवारिसे शव व्यवस्थापन सम्बन्धमा गरिएका काम कारवाही तथा सामना गर्नुपरेका समस्याहरु तथा भावि रणनिति तथा कार्ययोजनाबारे प्रस्तुतिकरण गर्नु भएको थियो । कार्यक्रममा अपराध अनुसन्धान विभागको प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङले वैज्ञानिक एवं प्रमाणमुखी अपराध अनुसन्धानको माध्यमबाट पीडितलाई न्याय र पिडकलाई कानून बमोजिम सजाय दिलाउन हरेक प्रहरी कर्मचारी जिम्मेवार रुपमा प्रस्तुत हुनुपर्ने, प्रहरीद्धारा प्रदान गरिने सेवामा कुनै आर्थिक लाभका कुराहरु आउन नहुने, गम्भिर तथा पेण्डिङ मुद्दाहरु फछौंटमा तत्परता देखाउनु पर्ने, अपराध अनुसन्धान विभागद्धारा विभिन्न मितिमा गरिएका विविध विषयहरुसँग सम्बन्धित परिपत्रहरुको अक्षरस: कार्यान्यवयन तथा बेवारिसे शव व्यवस्थापनको सम्बन्धमा **"पहिचान नभएका तथा बेवारिसे शव व्यवस्थापन निर्देशिका, २०७८"** बमोजिम काम कारवाही गर्नुहुन समेत निर्देशित गर्नुभयो ।

## 'रेड नोटिस' जारी प्रतिवादी नेपाल फिर्ता



***काठमाडौं, १६ साउन***


जिल्ला म्याग्दी अर्मन-२ बस्ने वर्ष २७ का प्रकाश वि.क. ले युवतीसंग चिनजान गरी प्रेम सम्बन्धमा रही बिभिन्न बहाना बनाई फेसबुकको म्यासेन्जरको भिडियो कलमा नग्न हुन बाध्य पारी उक्त भिडियो कल रेकर्ड गरी नग्न फोटो तथा भिडियोहरु सामाजिक संजालमा अपलोड गरी दिने, आफन्त तथा साथीहरूलाई समेत पठाईदिने भनि पटक-पटक धम्की दिनुको साथै निज वि.क. ले नक्कली फेसबुक एकाउन्ट बनाई उक्त एकाउन्टबाट नग्न फोटो तथा भिडियोहरु समेत Porn website मा राखी पिडितका आफन्तहरुलाई पठाई पिडितको चरित्र हत्या समेत गरेको कसुरमा रोजगारका लागि मलेसियामा रहेका प्रतिवादी वि.क.लाई सम्मानित जिल्ला अदालत काठमाडौंबाट पक्राउ अनुमति लिई ईन्टरपोल शाखा मार्फत अन्तर्राष्ट्रिय स्तरमा खोजतलासका लागि निज विरुद्ध RED Notice जारी गरि NCB क्वालालाम्पुर मलेसिया संगको समन्वयमा नेपाल फिर्ता ल्याई कानूनी कारबाहीको लागि साईवर व्युरो भोटाहिटीमा पठाईएको ।

**मानव जीवन ईश्वरको वरदान भएकोले व्यक्तिको अविवेकिय एवं आवेगात्मक निर्णयका कारणले हुने आत्महत्या जस्तो अकाल मृत्युलाई नियन्त्रण गर्न सबैले सहयोग गरौं, सुन्दर जीवनलाई वृद्धि र विवेकले सजाऔं ।**


**"नेपाल प्रहरी"**

# अपराध तथ्याङ्क


## काठमाडौ उपत्यका तथा प्रदेशहरुको साउन महिनाको अपराध तथ्याङ्क (मुद्दा दर्ता संख्या)




## त्रैमासिक उपत्यका तथा प्रदेशगत मुद्दा दर्ता संख्या (जेठ-साउन)




## त्रैमासिक मुद्दा दर्ता र फछ्यौंट संख्या (जेठ-साउन)





## वार्षिक अपराध तंथ्याक (०७७/०७८ देखि ०८०।०८१ साउन सम्म)




## जघन्य अपराधको प्रदेशगत मुद्दा दर्ता ( आ.व. २०८०।०८१ साउन)





## गम्भीर अपराधको प्रदेशगत मुद्दा दर्ता (आ.व. २०८०।०८१ साउन)




## सामान्य अपराधको प्रदेशगत मुद्दा दर्ता संख्या (आ.व. २०८०।०८१ साउन)





## २०८० साउन महिनामा घरेलु हिंसा सम्बन्धी विवरण



## २०८० साउन महिनामा जबरजस्ती करणी मुद्दामा पीडित र अभियुक्तको सम्बन्ध विश्लेषण





## २०८० साउन महिनामा भौगोलिक स्थानको आधारमा जबरजस्ती करणीको घटनास्थल संख्यागत विवरण




## २०८० साउन महिनाको फैसला कार्यान्वयन तर्फको फरार अभियुक्तको पक्राउ संख्या

| | प्रदेश/उपत्यका/व्यूरोको नाम | कुल पक्राउ संख्या | कैद | असुल जरिवाना (रु.) |
|---|---|---|---|---|
| १. | काठमाण्डौ उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | २६५ | ६१ वर्ष ९ महिना ५ दिन | ३,२७,४०,७८३ |
| २. | कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगर | ५० | २७ वर्ष ७ महिना १४ दिन | ७,७६,५०४ |
| ३. | मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर | १८९ | ५३ वर्ष ९ महिना २० दिन | १०,७७,३२६ |
| ४. | बाग्मती प्रदेश प्रहरी कार्यालय, हेटौडा | ३८ | २६ वर्ष ३ महिना ४ दिन | १,९३,०२,९३२ |
| ५. | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | ८३ | ४३ वर्ष १ महिना २८ दिन | १४,८४,११२ |
| ६. | लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङ | ७० | ६५ वर्ष २ महिना १२ दिन | १५,३२,६१८ |
| ७. | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | १३ | ७ वर्ष ३ महिना ५ दिन | ३७,४५० |
| ८. | सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी | १५ | १७ वर्ष ६ महिना २८ दिन | २,७६,०९८ |
| ९. | केन्द्रीय अनुसन्धान व्यूरो, महाराजगञ्ज | १४ | ३ महिना ७ दिन | ३,१३,५५,००० |
| **जम्मा** | | **७३७ जना** | **२९९ वर्ष ४३ महिना १२३ दिन** | **रु.८,८५,८२,८२३** |

## २०८० साउन महिनाको लागू औषध कारोवारमा संलग्न व्यक्ति पक्राउ तथा मुद्दा संख्या





## २०८० असार र साउन महिनाको लागू औषध कारोवारमा संलग्न व्यक्ति पक्राउ संख्या



# प्रहरी सेवा प्रवाह

## २०८० साउन महिनामा प्रहरी चारित्रिक प्रमाणपत्रका लागि अपराध अभिलेख चेकजाँच सम्बन्धी संख्या





## २०८० साउन महिनामा चालचलन शाखाको प्रगती विवरण

| क्र.सं. | बिवरण | प्रगती | |
|---|---|---|---|
| १ | Online System मार्फत प्रहरी चारित्रिक प्रमाण पत्र दर्ता/बितरण | दर्ता | बितरण |
| | | २,३८,३६७ | १,५९,५४१ |
| २ | तालुक गृह मन्त्रालय सीमा तथा अध्यागमन शाखाबाट कार्य सहमतिको लागि तथा स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखावाट Security Clearance को लागि प्राप्त | २६१ | २५१ |
| ३ | नागरिक उड्डयन कार्यालय प्रहरी प्रतिवेदन | ६ | ५ |
| ४ | राजदुतावासहरुबाट प्राप्त (अपराधिक अभिलेख) | २७ | २४ |
| ५ | औंठाछाप प्रमाणिकरण | २३९ | २३९ |
| ६ | अन्य (रिट निवेदन/उजुरी छानबिन) | २१ | १९ |
| **जम्मा** | | **२,३८,९२१** | **१,५९,८२८** |

# सामुदायिक प्रहरी गतिविधि

२०८० साउन महिनामा सामुदायिक सुरक्षा महाशाखा मातहत देशभरिका समुदाय-प्रहरी साझेदारी र सामुदायिक प्रहरी सेवा केन्द्रहरूद्वारा समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रम एवम् गतिविधिहरु :
(गृह प्रशासन सुधार कार्ययोजना २०७४, बुँदा नं. १२४ कार्यक्रमहरू)








***जनचेतनामूलक कार्यक्रम को केही झलकहरु :-***

# आसरा सुधार केन्द्र

## २०८० साउन महिनामा लागू औषध सेवनकर्ताहरुको उपचारार्थ संख्या





## साउन महिनामा नेपालमा रहेका विदेशी नागरिकहरुको संख्यात्मक विवरण


| सि.न. | कार्य बिबरण | संख्या |
|---|---|---|
| १. | विदेशी नागरिकहरूको मृत्यु | ३ जना |
| २. | विदेशी नागरिकहरूको पक्राउ | १८ जना |
| ३. | हराएका विदेशी नागरिक | - |
| ४. | नेपालको बिभिन्न क्षेत्रमा ट्रेकिङ गएका विदेशी नागरिकहरुको बिवरण | ५,२९५ जना |
| ५. | विदेशी नागरिकहरु पक्राउ गरी थप कारवाहीका लागि अध्यागमन कार्यालय पठाईएको | - |

# खोजतलास तथा समन्वय

## २०८० साउन महिनामा हराएका, फेला परेका तथा खोजतलास भएका बालबालिकाहरुको संख्या




## साउन महिनामा वेवारिसे फेला परेका मध्ये पारिवारिक पुनर्मिलन र बालगृहमा रहेका बालबालिका सम्बन्धी संख्यात्मक विवरण




# अपराध अनुसन्धानमा सहायता प्रदान

## डिजिटल फरेन्सिक ल्याव (Digital Forensic Lab)

❖ Digital Forensics Lab बाट २०८० सालको साउन महिनामा बिभिन्न १७ वटा मुद्दा शिर्षक (ज्यान सम्बन्धी कसूर, आत्महत्या दुरुत्साहन, झुण्डी मृत्यु, मानव वेचविखन, साईवर क्राईम, जबरजस्ती करणी, लागु औषध, कर्तब्य ज्यान, चोरी, ठगी, संगठित अपराध, बालयौन दुरुपयोग, बैकिङ कसुर, अनलाईन ठगी, जवरजस्ती करणी, सुन तस्करी) अन्तर्गत ६६ वटा मुद्दाको २५७ वटा सबुदहरु परिक्षण गरिएको।

## दुरसंचार समन्वय शाखा (Telecommunication Co-ordination Centre )

❖ साउन महिनामा अपराध अनुसन्धानको सिलसिलामा विभिन्न प्रहरी ईकाईहरु तथा नेपाल प्रहरी प्रदेश कार्यालयहरुबाट माग भई आएका Operational Data हरु दूरसंचार सेवा प्रदायक संस्थाहरुसँग समन्वय गरी निम्नानुसारको संख्यामा समयमै सम्बन्धित कार्यालयहरुलाई उपलब्ध गराईएको।




## नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला (NPCFSL), सामाखुशी

- **नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला सामाखुशी काठमाण्डौंबाट २०८०/०४/०१ गतेदेखि २०८०/०४/३२ गतेसम्म** विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **६४८** केशहरु र **५६९९** नमुनाहरु प्राप्त भएकोमा नयाँ र पुरानो पेण्डीङ केशहरु समेत गरी **५९७** केशहरु र **३२९६** नमुनाहरु परीक्षण गरिएको ।
- **मिति २०८०/०४/०१ गतेदेखि २०८०/०४/३२ गतेसम्म यस प्रयोगशालाबाट (AFIS) मा २०१६ DATA Entry** भएको।
- **नेपाल प्रहरी प्रदेश कार्यालय, विधि विज्ञान इकाई, धरान, सुनसरीबाट २०८० /०४/०१ गतेदेखि २०८०/०४/३२ गतेसम्म** विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **२०१** केशहरु र **६२४** नमुनाहरु प्राप्त भएकोमा नयाँ र पुरानो पेण्डीङ केशहरु समेत गरी **२६८** केशहरु र **८८०** नमुनाहरु परीक्षण गरिएको ।
- **नेपाल प्रहरी प्रदेश कार्यालय, विधि विज्ञान इकाई, गणेशमानचोक, नेपालगंजबाट २०८० /०४/०१ गतेदेखि २०८०/०४/३२ गतेसम्म** विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **६१** केशहरु र **१९७** नमुनाहरु प्राप्त भएकोमा नयाँ र पुरानो पेण्डीङ केशहरु समेत गरी **६६** केशहरु र **२१४** नमुनाहरु परीक्षण गरिएको ।

## केनाईन (K9) महाशाखा, महाराजगञ्ज

### २०८० साउन महिनामा परिचालित संख्या






# अपराध समाचार

## कर्तव्य ज्यान सम्बन्धी

### चिर्पट प्रहार गरी हत्या गरेको अभियोगमा पक्राउ

***धनुषा, ६ साउन***

आफ्नै भिनाजु नाता पर्ने भारत सोनपुर चन्दौली बस्ने ३८ वर्षीय शिवमुरत सिंहलाई चिर्पट प्रहार गरी हत्या गरेको अभियोगमा लक्ष्मिनिया गाउँपालिका-७ लक्ष्मिनिया बजारमा काम गरी बस्ने भारत बनारस घर भएका २५ वर्षीय सुरज सिंहलाई प्रहरीले पक्राउ गरेको छ। घरायसी विवादको क्रममा सुरजले दाउराको चिर्पटले प्रहार गरी कुटपिट समेत गर्दा शिवमुरत गम्भीर घाइते भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी लक्ष्मिनियाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। गम्भीर घाइते शिवमुरतको रामा अस्पताल जनकपुर हुँदै थप उपचारको लागि भारतको सितामाढीतर्फ लैजाने क्रममा मृत्यु भएको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

### आफ्नै श्रीमतीको हत्या गरेको अभियोगमा पक्राउ

सप्तरी, ८ साउन

आफ्नै श्रीमती ३० वर्षीया पार्वती देवी खडको हत्या गरेको अभियोगमा महादेवा गाउँपालिका-२ अकबरपुर बस्ने ३५ वर्षीय रामरूप खडलाई प्रहरीले पक्राउ गरेको छ। उनीहरू बीच घरायसी वादविवादको कारण झैं-झगडा तथा कुटपिट हुँदा पार्वती गम्भीर घाइते भएकी भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय हनुमाननगरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। गम्भीर घाइते पार्वतीको छिन्नमस्ता अस्पताल राजबिराजमा उपचारको क्रममा मृत्यु भएको हो। साथै उक्त झगडा छुट्याउने क्रममा गम्भीर घाइते भएकी रामरूपकी आमा ६१ वर्षीया समतोलिया खडको सोही अस्पतालमा उपचार भइरहेको छ। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

### हत्यामा संलग्न रहेको अभियोगमा दुई जना पक्राउ

***कञ्चनपुर, २० साउन***

कृष्णपुर नगरपालिका-२ बाणी नवदुर्गा टोल बस्ने ३५ वर्षीय कुवेर दमाई (हले) को हत्या भएको घटनामा संलग्न रहेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा मृतकको भतिज नाता पर्ने कृष्णपुर नगरपालिका-२ बस्ने २२ वर्षीय अजय दमाई र भान्जा नाता पर्ने २८ वर्षीय हरिश दमाई रहेका छन्। सोमबारदेखि घरबाट हराई बेपत्ता भएका कुवेर दमाईको कृष्णपुर नगरपालिका-२ बाणी बन्द नदीको बगरमा बिहीबार गाडिएको अवस्थामा शव फेला परेको थियो। बन्द नदीको बगरमा उनीहरूबीच घरायसी कुरा गर्दै सम्झाई बुझाई गर्ने क्रममा विवाद भएको र विवादको क्रममा कुवेरलाई दुवै जनाले कुटपिट गर्नुका साथै ढुंगा समेत प्रहार गरी हत्या गरी सोही स्थानमा खाडल खनि पुरेको प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको छ। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### आफ्नै आमाको हत्या गरेको अभियोगमा पक्राउ

***सल्यान, २३ साउन***

आफ्नै आमा ४८ वर्षीया शारदा भण्डारीको हत्या गरेको अभियोगमा शारदा नगरपालिका-१३ माथिल्लो सल्यानचौर बस्ने २३ वर्षीय नवीन भण्डारीलाई प्रहरीले पक्राउ गरेको छ। नवीनले एक्कासी आफूलाई देउता चढेको भन्दै कोठामा गई पैँयाको लठ्ठीले टाउकोमा प्रहार गर्दा शारदाको घटनास्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ अस्थायी प्रहरी पोष्ट स्यानीखालबाट खटिएको प्रहरीले उनलाई पक्राउ गर्नुका साथै यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ।

### आफ्नै बुबाको हत्या गरेको अभियोगमा पक्राउ

***बारा ,२७ साउन***

आफ्नै बुबा ९० वर्षीय आईत सिंह घलानको हत्या गरेको अभियोगमा जितपुर सिमरा उपमहानगरपालिका-१६ टांगिया बस्ती बस्ने ६० वर्षीय दिल बहादुर घलानलाई प्रहरीले पक्राउ गरेको छ। घरायसी विवादको क्रममा दिलबहादुरले कुटपिट गर्दा आईत सिंहको मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय निजगढबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## बैंकिङ कसूर, चोरी तथा ठगी सम्बन्धी

### चोरी गरेको अभियोगमा १५ वर्षीय किशोर पक्राउ

सिन्धुली, ३ साउन

चोरी गरेको अभियोगमा सुनकोशी गाउँपालिका-६ खाल्टे डेरा गरी बस्ने सर्लाही हरीपुर नगरपालिका-५ बस्ने १५ वर्षीय किशोरलाई प्रहरीले पक्राउ गरेको छ। सोही ठाउँ बस्ने रिपु बहादुर श्रेष्ठको घरबाट नगद ३७ हजार ६ सय रुपैयाँ र सुन तथा चाँदीका गरगहना गरी करिब २ लाख ४९ हजार ६ सय रुपैयाँ बराबरको धनमाल चोरी भएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय खुर्कोटबाट खटिएको प्रहरीले अनुसन्धानको क्रममा उक्त घरबाट चोरी भएको मध्ये नगद २५ हजार रुपैयाँसहित सोही ठाउँस्थित वर्कसपमा काम गर्ने ती किशोरलाई नियन्त्रणमा लिएको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

### लुकाई छिपाई बाह्य मुलुकतर्फ लैजान लागेको मुद्रासहित चिनियाँ नागरिक पक्राउ

***काठमाडौं, १७ साउन***

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट अवैध रूपमा लुकाई छिपाई बाह्य मुलुकतर्फ लैजान लागेको १ सय दरको १ हजार थान गरी जम्मा १ लाख चिनियाँ युआनसहित चिनियाँ नागरिक ५८ वर्षीय होङग होङगलाई प्रहरीले पक्राउ गरेको छ। एयर चाईनाको उडानद्वारा काठमाडौंबाट चीनको छेन्दु प्रस्थान गर्न लागेका उनलाई विमानस्थलको अन्तर्राष्ट्रिय उडानतर्फको प्रस्थान ह्याण्ड ब्यागेज चेकिङ एरियामा जाँच गर्ने क्रममा उनको झोलाबाट उक्त चिनियाँ युआन फेला परेको हो। उनलाई आवश्यक अनुसन्धान एवम् कानूनी कारवाहीको लागि राजश्व अनुसन्धान विभाग हरिहरभवन पुल्चोक ललितपुर पठाईएको छ।

### चोरी गरेको अभियोगमा एक जना पक्राउ

***काठमाडौं, २० साउन***

बुढानिलकण्ठ नगरपालिका-३ गैरीगाउँ बस्ने सुजन श्रेष्ठको घरमा चोरी भएको घटनामा संलग्न रहेको अभियोगमा मकवानपुर थाहा नगरपालिका-९ घर भई काठमाडौं महानगरपालिका-२६ ठमेल बस्ने ४५ वर्षीय बिकास देउला (पोडे) लाई प्रहरीले पक्राउ गरेको छ। सुजनको घरमा साउन ६ गते राति सुन तथा हिराका गरगहना र नगदसमेत गरी करिब ८५ लाख २६ हजार ९ सय रूपैयाँ बराबरको

धनमाल चोरी भएको घटनाको अनुसन्धानको क्रममा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले चोरीका सामानहरू देउलासँग रहेको खुल्न आएपछि उनलाई काठमाडौं ठमेलबाट पक्राउ गरेको हो । साथै उक्त कार्यमा हाल अभद्र व्यवहार कसूरको अनुसन्धानको सिलसिलामा प्रहरी वृत्त मालिगाउँको थुनामा रहेका सिन्धुपाल्चोक तौथली गाउँपालिका-७ घर भएका ३२ वर्षीय सुमन भन्ने बिष्णु श्रेष्ठको समेत संलग्नता रहेको खुल्न आएको छ । देउलालाई थप अनुसन्धान तथा कारबाहीको लागि प्रहरी वृत्त महाराजगंज पठाइएको छ ।

## मलेसिया पठाइदिन्छु भन्दै रकम ठगी गर्ने व्यक्ति पक्राउ

***काठमाडौं, २२ साउन***

मलेसिया पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा उदयपुर ताप्लिङ गाउँपालिका-२ घर भई काठमाडौं महानगरपालिका-६ बस्ने ३८ वर्षीय रविन्द्र राईलाई प्रहरीले पक्राउ गरेको छ । राइले १ जनालाई वैदेशिक रोजगारका लागि मलेसिया पठाई आकर्षक तलबमा काम लगाइदिन्छु भन्दै पीडितबाट पटक-पटक रकम लिई सम्पर्क बिहीन भई ठगी गरेकोले पक्राउ गरी उपस्थित गराउन वैदेशिक रोजगार विभागबाट पत्राचार भएपछि काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरी टोलीले उनलाई काठमाडौं सामाखुशीबाट पक्राउ गरेको हो । उनलाई थप अनुसन्धान तथा कारवाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ ।

## नक्कली जस्तो देखिने ५२ लाख ७५ हजार रूपैयाँसहित नौ जना पक्राउ

***काठमाडौं, २६ साउन***

नक्कली जस्तो देखिने नेपाली एक हजार दरका नोट ५ हजार २ सय ७५ थान (जम्मा ५२ लाख ७५ हजार रूपैयाँ) र विभिन्न सामानसहित ९ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सिन्धुपाञ्चोक कोठे बस्ने २५ वर्षीय शुशिल कार्की, सिन्धुपाञ्चोक सुनकोशी गाउँपालिका-६ बस्ने २३ वर्षीय शिव भण्डारी, सिन्धुपाञ्चोक बलेफी गाउँपालिका-७ बस्ने ४० वर्षीय अर्जुन सुबेदी, सिन्धुपाञ्चोक सुनकोशी गाउँपालिका-६ बस्ने २३ वर्षीय मिलन भण्डारी, सुनकोशी गाउँपालिका-६ बस्ने २४ वर्षीय श्रीकृष्ण भण्डारी, झापा कमल गाउँपालिका-३ बस्ने २९ वर्षीय युवराज राई, अछाम मेल्लेख गाउँपालिका-३ बस्ने २१ वर्षीय अर्जुन बुढा, गुल्मी वाडागाउँ गाउँपालिका-२ बस्ने ३४ वर्षीय सागर आचार्य र नवलपरासी सरावल गाउँपालिका-१ बस्ने ५३ वर्षीया पार्वती नेपाली रहेका छन् । उनीहरूमध्ये अर्जुन सुबेदी उपर चोरी, बैंकिङ कसूर, ठगी तथा ठगी र एक्सटर्सन गरी ७ वटा मुद्दा समेत चलेको खुल्न आएको छ । चन्द्रागिरी नगरपालिका-२ नागढुङ्गास्थित चेकप्वाइन्टमा लुम्बिनीबाट काठमाडौंतर्फ आउँदै गरेको लु. १ प ५ नम्बरको पर्यटक बसलाई प्रहरी प्रभाग नागढुङ्गाबाट खटिएको प्रहरीले जाँच गर्दा ढोका छेउको सामान राख्ने डिक्कीमा च्याप गरी राखिएको चाउचाउको कार्टुनभित्र नक्कली जस्तो देखिने एक हजार दरका ३ हजार ५ सय ७३ थान (जम्मा ३५ लाख ७३ रूपैयाँ) फेला परेको थियो । उक्त बसका चालक तथा सह-चालकलाई नियन्त्रणमा लिई थप सोधपुछको क्रममा उक्त कार्टुन लुम्बिनी बसपार्कबाट एक जना मानिसले अचार हो काठमाडौं लगिदिनु काठमाडौं बसपार्कमा रिसिभ गर्न मानिस आउँछ भनि पठाएको खुल्न आएपछि प्रहरी वृत्त थानकोटसमेतबाट खटिएको प्रहरी टोलीले काठमाडौं गोंगबु बसपार्क र भक्तपुर चाँगुनारायण नगरपालिका-४ बुढाथोकी गाउँबाट थप नक्कली जस्तो देखिने १ हजार दरका १ हजार ७ सय २ थान (जम्मा १७ लाख २ हजार रूपैयाँ) सहित उनीहरूलाई पक्राउ गरेको हो । अनुसन्धानको क्रममा कम्प्युटर सेट १ थान, पेपरकटर मेसिन १ थान, कलर प्रिन्टर १ थान, प्रिन्ट पेपर १ रिम, खुल्ला पेपर २ सय पेज, विभिन्न रङका मसी, कलर केमिकल प्लाष्टिकको बोतल २ वटा, केमिकल, डेकोरेटिङ पाउडर ४ पत्ता, च्यापलिङ टेप १ बण्डल, एक हजार दरको नोटको साईजको पेपर ९ थान, बा.६३ प २०७५ नम्बर, बा.प्र. ०२-०३९प ९४०७ नम्बर, बा.प्र. ०२-०३८ प ५६४२ नम्बरको मोटरसाइकल, बा.प्र.०२-०२८ प १३०६ नम्बरको स्कुटर, मोबाइल १२ थान र अर्जुन सुबेदीको नाममा जिल्ला अदालत चितवनको तारेख पर्चा १ थान प्रहरीले बरामद गरेको छ । उनीहरू उपर मुद्रा सम्बन्धी कसूरमा जिल्ला अदालत काठमाडौंबाट ५ दिन म्याद थप अनुमति लिई प्रहरी वृत्त थानकोटबाट थप अनुसन्धान भइरहेको छ ।

## विभिन्न धनमाल चोरी

***भक्तपुर, ३१ साउन***

मध्यपुर ठिमी नगरपालिका-३ गठ्ठाघर बस्ने सपना बस्नेतको घरबाट मोबाइल, ल्यापटप, नगद समेत गरी करिब १५ लाख ९४ हजार रूपैयाँ बराबरको धनमाल चोरी भएको छ । प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिको खोजी गर्नुको साथै यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ ।

# यौन जन्य अपराध

## जबरजस्ती करणी गरेको अभियोगमा दुई जना पक्राउ

***काठमाडौं, १ साउन***

**झापा,** १२ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा अर्जुनधारा नगरपालिका-१ बस्ने ५९ वर्षीय नरेश रसाईलीलाई प्रहरीले पक्राउ गरेको छ । रसाईलीले ती बालिकालाई बुवाआमा धान रोप्न खेतमा गएको अवस्थामा फकाई आफ्नै घरको कोठाभित्र लगि ललाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा ईलाका प्रहरी कार्यालय अनारमनीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

**दाङ**, १८ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा दाङ घोराही उपमहानगरपालिका-८ सौडी बस्ने २६ वर्षीय अनिल नेपालीलाई प्रहरीले पक्राउ गरेको छ । नेपालीले ती बालिकालाई रोल्पाबाट ललाई फकाई ल्याई आफ्नै घरमा जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय दाङबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । दुवै घटनाका सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***उदयपुर, ३ साउन***

५५ वर्षिया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा त्रियुगा नगरपालिका-६ गडमे बस्ने ३५ वर्षीय जिवन कार्कीलाई प्रहरीले पक्राउ गरेको छ । कार्कीले ती महिलालाई आफ्नै घरभित्र सुतिरहेको अवस्थामा जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी चौकी लालपत्ताबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## जबरजस्ती करणी गरेको अभियोगमा दुई जना पक्राउ

***काठमाडौं, १० साउन***

**काठमाडौं,** १३ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा नागार्जुन नगरपालिका-२ पाँचधारा घर भई सोही नगरपालिका-६ फस्कु बस्ने ५१ वर्षीय मनोज महर्जनलाई प्रहरीले पक्राउ गरेको छ । महर्जनले ती बालिकालाई सोही नगरपालिका-४ सितापाईलास्थित पार्किङमा राखेको हाल नम्बर नखुलेको बसभित्र लगि जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी वृत्त स्वयम्भूबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

**दाङ**, १७ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा घोराही उपमहानगपरलिका-१५ गोरक्ष टोल बस्ने २० वर्षीय श्रवण खनाललाई प्रहरीले पक्राउ गरेको छ । खनालले ती किशोरीलाई बिवाह गर्छु भन्दै विभिन्न

प्रलोभन देखाई गत असार १० गते आफ्नै घरमा बोलाई जबरजस्ती करणी गरी शारीरिक तथा मानसिक यातनासमेत दिएको भन्ने उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय घोराहीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । दुवै घटनाका सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### जबरजस्ती करणी गरेको अभियोगमा तीन जना पक्राउ

***काठमाडौं, १९ साउन***

**बर्दिया**, ९ वर्षीया बालिकलाई जबरजस्ती करणी गरेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा गेरूवा गाउँपालिका-६ नौरंगा बस्ने २१ वर्षीय रबिन थारु र सोही ठाउँ बस्ने १६ वर्षीय किशोर रहेका छन् । उनीहरूले ती बालिकालाई मसानघाटको ओत लाग्ने टहरोमा जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा ईलाका प्रहरी कार्यालय पाताभारमाबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो ।

**भक्तपुर,** १५ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा सिन्धुपाल्चोक साँगाचोक नगरपालिका-१४ इयाडी घर भई हाल भक्तपुर बोडे बस्ने २५ वर्षीय सिङ्ग बहादुर माझीलाई प्रहरीले पक्राउ गरेको छ । हराएकी बालिकाको खोजी तथा अनुसन्धान गर्ने क्रममा माझीले ती बालिकालाई भक्तपुर सूर्यविनायकस्थित कोठामा लगि जबरजस्ती करणी गरेको खुल्न आएपछि उनलाई प्रहरीले पक्राउ गरेको हो । दुवै घटनाका सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***चितवन, २० साउन***

७ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा इच्छाकामना गाउँपालिका-३ बस्ने ४५ वर्षीय मेघ बहादुर चेपाङलाई प्रहरीले पक्राउ गरेको छ । चेपाङले ती बालिकालाई साउन १३ गते इच्छाकामना गाउँपालिका-३ डुसा सामुदायिक बनमा ललाई फकाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा अस्थायी प्रहरी चौकी फिस्लिङबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***रामेछाप, २६ साउन***

१२ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा रामेछाप नगरपालिका-८ बाबियाखर्क बस्ने ३७ वर्षीय भुपेन्द्र भुजेललाई बिहीबार राति प्रहरीले पक्राउ गरेको छ । भुजेलले ती बालिकालाई सोही ठाउँस्थित गोठमा लगेर जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी चौकी रामेछापडाँडाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***बागलुङ, २९ साउन***

७९ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा निसीखोला गाउँपालिका-६ रङगिला बस्ने २७ वर्षीय देव बहादुर कामीलाई प्रहरीले पक्राउ गरेको छ । कामीले सोही ठाउँस्थित गोरेटो बाटोमा ती महिलालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी चौकी निसीखोलाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## लागू औषध सम्बन्धी

### अवैध लागूऔषध सहित विभिन्न स्थानबाट छ जना पक्राउ

***काठमाडौं, ४ साउन***

कैलाली, कैलारी गाउँपालिका-३ सुर्मिनलाबाट अवैध लागूऔषध ब्राउनसुगर ८ सय ३० मिलिग्रामसहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा धनगढी उपमहानगरपालिका-१४ सि गाउँ बस्ने २७ वर्षीय बिक्रम लामिछाने मगर, सोही ठाउँ बस्ने १८ वर्षीय र १७ वर्षीय दुई किशोर रहेका छन् । ईलाका प्रहरी कार्यालय हसुलियाबाट खटिएको प्रहरीले सुदूरपश्चिम प्रदेश ०१-०११ प ७८४१ नम्बरको स्कुटरलाई जाँच गर्ने क्रममा स्कुटरमा सवार उनीहरूलाई उक्त ब्राउनसुगरसहित पक्राउ गरेको हो ।

**रूपन्देही,** सैनामैना नगरपालिका-४ कुस्माबाट अवैध लागूऔषध ब्राउनसुगर ४ सय ९० मिलिग्रामसहित सोही ठाउँ बस्ने १९ वर्षीय मनिस दर्लामीलाई प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय रन्यौराबाट खटिएको प्रहरीले उनलाई उक्त ब्राउनसुगरसहित पक्राउ गरेको हो ।

**धादिङ,** गल्छी गाउँपालिका-६ महेसदोभानबाट अवैध लागूऔषध गाँजा जस्तो देखिने वस्तु करिब १० किलोसहित गजुरी गाउँपालिका-७ किरानचोक बस्ने ५० वर्षीय भगवान पण्डितसमेत २ जनालाई प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी बैरेनीबाट खटिएको प्रहरीले बा.प्र.-०३-००१ ह ११४२ नम्बरको अटो जाँच गर्ने क्रममा अटोमा सवार उनीहरूलाई उक्त लागूऔषधसहित पक्राउ गरेको हो । सबै घटनाका सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### अवैध लागूऔषधसहित छुट्टाछुट्टै स्थानबाट आठ जना पक्राउ

***काठमाडौं, ७ साउन***

**धादिङ,** गल्छी गाउँपालिका-७ बुद्धपार्कस्थित सडकबाट अवैध लागूऔषध गाँजा करिब १० केजीसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा नवलपरासी सुनवल नगरपालिका-१२ बस्ने ३६ वर्षिय ईन्द्र बहादुर डाला मगर र १९ वर्षीय आशिष विक रहेका छन् । प्रहरी चौकी गल्छीबाट खटिएको प्रहरीले उनीहरूलाई गाडीको प्रतीक्षा गरिरहेको अवस्थामा उक्त गाँजासहित पक्राउ गरेको हो ।

यसैगरी **धादिङ,** बेनिघाट गाउँपालिका-५ बिशालटारबाट अवैध लागूऔषध गाँजा करिब ६ केजीसहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा कास्की पोखरा महानगरपालिका-२० मालेपाटन बस्ने २० वर्षिय भुमिजङ खड्का, धादिङ निलकण्ठ नगरपालिका-६ घर भई पोखरा न्युरोड बस्ने २८ वर्षीय सुमन लम्साल र ओखलढुङ्गा लिखु गाउँपालिका-४ घर भई पोखरा लेकसाइड बस्ने ३४ वर्षीय विकास बस्नेत रहेका छन् । प्रहरी चौकी बेनिघाटबाट खटिएको प्रहरीले ग.१८ प ७११३ नम्बरको स्कुटरलाई जाँच गर्ने क्रममा उनीहरूलाई उक्त गाँजासहित फेला पारी पक्राउ गरेको हो ।

**कैलाली,** धनगढी उपमहानगरपालिका-३ व्यारेलबाट अवैध लागूऔषध ब्राउनसुगर १ ग्राम ५० मिलिग्रामसहित सोही उपमहानगरपालिका-४ बस्ने ३७ वर्षीय बिरेन्द्र खड्कासमेत ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी त्रिनगरबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त लागूऔषधसहित पक्राउ गरेको हो । सबै घटनाका सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### अवैध लागूऔषधसहित पक्राउ

***काठमाडौं, १६ साउन***

**सुनसरी,** धरान उपमहानगरपालिका-८ तीनकुनेबाट अवैध लागूऔषध गाँजा ५९ किलोग्रामसहित भारत अररिया नरपथगंजथापा तामगंज-४ बस्ने २२ वर्षीय मुन्ना कुमार मण्डललाई प्रहरीले पक्राउ गरेको छ । अस्थाई प्रहरी पोष्ट तीनकुनेबाट खटिएको प्रहरीले काठमाडौंबाट भारततर्फ जाँदै गरेको बीआर १० के

२९३३ नम्बरको भारतीय गाडीलाई जाँच गर्ने क्रममा फल्स वटमभित्र लुकाइ राखेको उक्त गाँजासहित उनलाई पक्राउ गरेको हो ।

**धनकुटा,** छथरजोरपाटी गाउँपालिका-६ डेरा गरी बस्ने सोही गाउँपालिका-५ परेवादिन घर भएका २३ वर्षीय फुर्सुदी शेर्पालाई नियन्त्रित लागूऔषध स्पासपेन १ हजार ५ सय ५५ क्यापसुल र ट्रामोल १ हजार १ सय ५८ क्यापसुलसहित प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी सिधुवाबाट खटिएको प्रहरीले उनको कोठाबाट उक्त लागूऔषध फेला पारी उनलाई पक्राउ गरेको हो ।

**नवलपरासी(पश्चिम),** बर्दघाट नगरपालिका-१४ नारायणचोकबाट नियन्त्रित लागूऔषध बुप्रोनोर्फिन २४ एम्पुल, डाइजेपाम २४ एम्पुल र प्रोमेथाजिन हाइड्रोक्लोरिड २३ एम्पुलसहित चितवन भरतपुर महानगरपालिका-१ बस्ने ३५ वर्षीय राजु श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय सेमरीबाट खटिएको प्रहरीले उनलाई उक्त लागूऔषधसहित पक्राउ गरेको हो ।

**मोरङ,** बिराटनगर महानगरपालिका-१६ हुलास चोकबाट नियन्त्रित लागूऔषध लुपिजेसिक ७ एम्पुल, फेनारगन २ एम्पुल, एभिल ७ एम्पुल र डाइजेपाम ७ एम्पुलसहित कानेपोखरी गाउँपालिका-४ बस्ने ३५ वर्षीय सुबिन राईलाई प्रहरीले पक्राउ गरेको छ । लागूऔषध नियन्त्रण व्यूरो बिराटनगरबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेको प्रदेश १-०२-०४५१ प ४८२४ नम्बरको मोटरसाइकलमा सवार उनलाई उक्त लागूऔषधसहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## अवैध लागूऔषधसहित पक्राउ तथा बरामद

***काठमाडौं, १७ साउन***

**मकवानपुर,** हेटौंडा उपमहानगरपालिका-१५ रातोमाटेबाट अवैध लागूऔषध गाँजा करिब ९ केजी १ सय ५० ग्रामसहित ४ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा पर्सा वीरगंज महानगरपालिका-९ बस्ने ३१ वर्षीय धनराज गिरी, मकवानपुर राक्सिराङ गाउँपालिका-३ बस्ने ४२ वर्षीय वुद्धिलाल देमदुङ, भारत सितामढी घर भएका २२ वर्षीय दिपक यादव र धनुषा महेन्द्रनगर नगरपालिका-१६ बस्ने १८ वर्षीय किशोर रहेका छन् । प्रहरी चौकी रातोमाटेबाट खटिएको प्रहरीले चितवनबाट वीरगंजतर्फ जाँदै गरेको ना.८ ख ७३४६ नम्बरको बसलाई जाँच गर्ने क्रममा बसमा सवार उनीहरूलाई उक्त गाँजासहित पक्राउ गरेको हो ।

**महोत्तरी,** औरही नगरपालिका-२ फुलबरीयास्थित उखु खेतबाट अवैध लागूऔषध गाँजा करिब ६० केजी प्रहरीले बरामद गरेको छ । खेतमा शंकास्पद ३ वटा पोका रहेको भन्ने विशेष सूचनाको आधारमा प्रहरी चौकी औरहीबाट खटिएको प्रहरीले उक्त गाँजा फेला पारी बरामद गरेको हो । गाँजा राख्ने व्यक्तिहरूको प्रहरीले खोजी गरिरहेको छ । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## अवैध लागूऔषधसहित विभिन्न स्थानबाट ११ जना पक्राउ

***काठमाडौं ,२७ साउन***

**सिन्धुली,** कमलामाई नगरपालिका-९ भिमानबाट अवैध लागूऔषध गाँजा १ सय ३३ केजी ९ सय ८८ ग्रामसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा रौतहट राजदेवी नगरपालिका-७ बस्ने २२ वर्षीय बिकास प्रसाद यादव र रौतहट गौर नगरपालिका-५ बस्ने २४ वर्षीय अभय कुमार गुप्ता रहेका छन् । ईलाका प्रहरी कार्यालय भिमानबाट खटिएको प्रहरीले काठमाडौंबाट रौतहटतर्फ जाँदै गरेको बिआर ०६ पिए ६१८४ नम्बरको बोलेरो गाडीलाई जाँच गर्ने क्रममा गाडीको छतमा सेफ बटम बनाई लुकाई छिपाई ल्याएको १३ वटा पोकामा रहेको उक्त परिमाणको गाँजा फेला पारी गाडीका चालक यादव र गाडीमा सवार गुप्तालाई पक्राउ गरेको हो ।

**काठमाडौं,** दक्षिणकाली नगरपालिका-५ फर्पिङबाट नियन्त्रित लागूऔषध डाईजेपाम ९ सय ४५ एम्पुल, फेनारगन ९ सय ४० एम्पुल र नुर्फिन ९ सय ३० एम्पुलसहित रौतहट फतुवा विजयपुर नगरपालिका-१ घुसुपुर घर भएका २१ वर्षीय लखिन्द्र मुखियालाई प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय फर्पिङबाट खटिएको प्रहरीले रौतहटबाट काठमाडौंतर्फ आउँदै गरेको ना.१ ज २०८८ नम्बरको सुमोलाई जाँच गर्ने क्रममा सुमोमा सवार उनलाई उक्त लागूऔषधसहित पक्राउ गरेको हो ।

**पाँचथर,** फिदिम नगरपालिका-२ भ्यू टावस्थित सडकबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ २ ग्रामसहित सोही नगरपालिका-१४ बस्ने २२ वर्षीय रूपन राईलाई प्रहरीले पक्राउ गरेको छ । विशेष सूचानाको आधारमा जिल्ला प्रहरी कार्यालय पाँचथरबाट खटिएको प्रहरीले मे.३ प २०२४ नम्बरको मोटरसाइकल जाँच गर्ने क्रममा चालक राईलाई उक्त पदार्थसहित पक्राउ गरेको हो ।

**बाँके,** नेपालगंज उपमहानगरपालिका-१५ जमुनाहबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ २ ग्रामसहित सुर्खेत वीरेन्द्रनगर नगरपालिका-७ इत्राम बस्ने २४ वर्षीय सुदिप थापालाई प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय जमुनाह र लागूऔषध नियन्त्रण ब्यूरो नेपालगंजबाट खटिएको संयुक्त टोलीले उनलाई उक्त पदार्थसहित पक्राउ गरेको हो ।

कास्की ,पोखरा महानगरपालिका-९ पृथ्वी चोकबाट अवैध लागूऔषध गाँजा करिब १ केजीसहित सोही महानगरपालिका १४-खाल्टेमसिना बस्ने २७ वर्षीय अर्जुन परियारलाई प्रहरीले पक्राउ गरेको छ ।

कैलाली, गोदावरी नगरपालिका-२ तेघरीबाट अवैध लागूऔषध खैरो हेरोईन जस्तो देखिने पदार्थ १ सय २० मिलिग्रामसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही नगरपालिका महराटोल बस्ने २३ वर्षीय उत्तम महरा र १९ वर्षीय धुर्व भट्ट रहेका छन् । ईलाका प्रहरी कार्यालय मालाखेतीबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थसहित पक्राउ गरेको हो ।

यसैगरी **कैलाली** ,गोदावरी नगरपालिका२- बस्ने ३६ वर्षीय बसन्त खत्री र बैतडी सिगास गाउँपालिका-२ घर भएका १८ वर्षीय किशोरलाई अवैध लागूऔषध खैरो हेरोईन जस्तो देखिने पदार्थ १ ग्राम १ सय ४० मिलिग्रामसहित प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय मालाखेतीबाट खटिएको प्रहरीले गोदावरी नगरपालिका२- अत्तरिया पहाड रोडस्थित होटलमा काम गर्ने ती किशोरलाई १ सय ६० मिलिग्राम उक्त पदार्थसहित पक्राउ गरी थप अनुसन्धानको क्रममा बसन्तलाई उनकै घरबाट ९ सय ८० मिलिग्रामसहित पक्राउ गरेको हो ।

**मकवानपुर** ,हेटौंडा उपमहानगरपालिका-१५ रातोमाटेबाट अवैध लागूऔषध गाँजा करिब ५ केजीसहित राक्सिराङ गाउँपालिका घर बताउने २२ वर्षीया नानु घलानलाई प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी रातोमाटेबाट खटिएको प्रहरीले नाराणघाटबाट वीरगंजतर्फ जाँदै गरेको नान ७३४६ख ८.म्बरको बसलाई जाँच गर्ने क्रममा बसमा सवार उनलाई उक्त लागूऔषधसहित पक्राउ गरेको हो । सबै घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## अवैध लागूऔषधसहित छुट्टाछुट्टै स्थानबाट १८ जना पक्राउ

***काठमाडौं, २२ साउन***

**बारा,** जितपुर सिमरा उपमहानगहरपालिका-२२ स्थित २ नम्बर जंगलबाट अवैध लागूऔषध गाँजा करिब १ सय ५७ केजीसहित मकवानपुर हेटौंडा उपमहानगरपालिका-१ बस्ने ३९ वर्षीय रोशन नेगीसमेत ७ जनालाई प्रहरीले पक्राउ गरेको छ । मकवानपुरको भैसेबाट बा.११ च ४९९२ नम्बरको स्कारपियोमा ६ वटा पोका बनाई ल्याएको भन्ने सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय अमलेखगंजबाट खटिएको प्रहरीले नेगीलाई उक्त गाँजा र स्कारपियोसहित पक्राउ गरेको थियो । थप अनुसन्धानको क्रममा गाँजा ओसारपसारमा संलग्न अन्य ४ जना भारतीय नागरिक र २ जना नेपाली नागरिकलाई बीआर ०५ जी ८६५६ नम्बरको भारतीय पिकअप र बीआर ०५ ए जेड ८९६१ नम्बरको भारतीय मोटरसाइकलसहित नियन्त्रणमा लिएको हो ।

**सुनसरी,** धरान उपमहानगरपालिका-५ देउरालीबाट अवैध लागूऔषध गाँजा ३ किलो ४ सय ग्रामसहित भारत फार्बिसगंज-१२ बस्ने ३० वर्षीयको गुड्डु साहलाई प्रहरीले पक्राउ गरेको छ । अस्थायी प्रहरी पोष्ट देउरालीबाट खटिएको

प्रहरीले बीआर ३८ एन ५२२६ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा उनलाई उक्त गाँजासहित पक्राउ गरेको हो ।

**काठमाडौं,** तारकेश्वर नगरपालिका-३ तिनपिप्लेबाट अवैध लागूऔषध गाँजा करिब १ किलो ४ सय ग्रामसहित सोही नगरपालिका-५ गोलढुङ्गा बस्ने २५ वर्षीय जक्सन महर्जन समेत ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। अस्थायी प्रहरी पोष्ट तिनपिप्लेबाट खटिएको प्रहरीले बा.२ ख ३०२२ नम्बरको बसलाई जाँच गर्ने क्रममा बसमा सवार उनीहरूलाई उक्त गाँजा सहित पक्राउ गरेको हो।

**कैलाली**, गौरीगंगा नगरपालिका-८ बढैपुरबाट अवैध लागूऔषध खेरो हेरोईन जस्तो देखिने पदार्थ २ सय १० मिलिग्रामसहित सोही ठाउँ बस्ने २३ वर्षीय खगेन्द्र बाठामगर समेत ५ जनालाई प्रहरीले पक्राउ गरेको छ । बिशेष सूचनाको आधारमा सुदूर पश्चिम प्रदेश प्रहरी कार्यालय धनगढी र ईलाका प्रहरी कार्यालय मसुरियाबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थसहित पक्राउ गरेको हो।

**दार्चुला,** शैल्यशिखर नगरपालिका-३ कर्कलेबाट अवैध लागूऔषध चरेश जस्तो देखिने पदार्थ करिब ६ किलो १ सय ग्रामसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा महाकाली नगरपालिका-४ खलंगा बस्ने ६६ वर्षीय मान सिंह ठगुन्ना र नौगाड गाउँपालिका-४ सिप्टी मलमटे बस्ने ७० वर्षीय गौर सिंह ठगुन्ना रहेका छन्। ईलाका प्रहरी कार्यालय गोकुलेश्वरबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थसहित पक्राउ गरेको हो। सबै घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## अन्य अपराध

### भालुको पित्त जस्तो देखिने वस्तुसहित दुई जना पक्राउ

***काठमाडौं, ११ साउन***

काठमाडौं महानगरपालिका-२६ रेडन पुल नजिक मिरमिरे लाईफ सेकुवा कर्नरबाट भालुको पित्त जस्तो देखिने वस्तु २ थानसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा सोलुखुम्बु दुधकुण्ड नगरपालिका-१० घर भई काठमाडौं बुढानिलकण्ठ नगरपालिका-१० कपन बस्ने ३९ वर्षीय तेन्दोर्जी तामाङ र काभ्रेपलाञ्चोक नेताचोक घर भई काठमाडौं बौद्ध बस्ने २९ वर्षीय नाम्गेल तामाङ रहेका छन्। उक्त सेकुवा कर्नरमा अवैध रूपमा भालुको पित्त जस्तो देखिने बस्तुको बिक्री वितरण भइरहेको भन्ने सूचनाको आधारमा प्रहरी वृत्त लैनचौरबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो। उनीहरूलाई बरामद वस्तुसहित आवश्यक कारबाहीको लागि डिभिजन वन कार्यालय हात्तिसर काठमाडौंमा पठाइएको छ।

### पेस्तोल र गोलीसहित दुईजना पक्राउ

***सिरहा, १४ साउन***

सुखिपुर नगरपालिका-४ गोडिअर्वाबाट होममेड सेमी अटोमेटिक पेस्तोल १ थान र सोही पेस्तोलमा लाग्ने ५ राउण्ड गोलीसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा औरही गाउँपालिका-२ बननिया बस्ने २४ वर्षीय कम्रुदिन राइन र सोही ठाउँ बस्ने १८ वर्षीय किशोर रहेका छन्। प्रहरी चौकी सिलौर्वापछवारीबाट खटिएको प्रहरीले बीआर ३२ एएम ३७७८ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरूलाई उक्त हतियारसहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

### ११ थान भरुवा बन्दुक बरामद

***रूकुम (पूर्व), १७ साउन***

भुमे गाउँपालिका-६ स्थित तामारीको जंगलको ओढारबाट ११ थान भरूवा बन्दुक प्रहरीले बरामद गरेको छ। विशेष सूचनाको आधारमा अस्थायी प्रहरी पोष्ट महतबाट खटिएको प्रहरीले वेवारिसे अवस्थामा रहेको उक्त बन्दुकहरु फेला पारी बरामद गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

### मानव वेचबिखन तथा ओसारपसार मुद्दामा संलग्न एक जना पक्राउ

***कास्की, २२ साउन***

मानव वेचबिखन तथा ओसारपसार मुद्दामा संलग्न रहेको अभियोगमा गोरखा पालुङटार घर भई कास्की पोखरा महानगरपालिका-८ सृजना चोकमा खाजाघर संचालन गरी बस्ने ६० वर्षीया पार्वती काराखेतीलाई प्रहरीले पक्राउ गरेको छ। उनको होटलमा नाबालिका तथा महिलालाई ललाई फकाई वेटरको राम्रो काम लगाईदिन्छु भन्दै विभिन्न प्रलोभनमा पारी बोलाई यौनजन्य क्रियाकलापमा लगाउने गरेको भन्ने सूचनाको आधारमा वडा प्रहरी कार्यालय बैदामबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। उनलाई जिल्ला अदालत कास्कीबाट मानव वेचबिखन तथा ओसार पसार सम्बन्धी कसुरमा ५ दिन म्याद थप गरी अनुसन्धान प्रकृया अगाडि बढाइएको छ।

### एकनाले भरूवा बन्दुक र जरायोको सिङसहित पक्राउ

***बाँके, २३ साउन***

कोहलपुर नगरपालिका-१३ सिम्री बस्ने २८ वर्षीय लाल बहादुर पचलैयालाई एकनाले भरूवा बन्दुक र जरायोको सिङ १ जोडीसहित प्रहरीले पक्राउ गरेको छ। लाल बहादुरले सोही ठाउँ बस्ने वीर बहादुर वलीको घरमा पालेको कुकुरलाई बन्दुकले मारेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय कोहलपुरबाट खटिएको प्रहरीले लाल बहादुरको घर तलासी गर्दा उक्त बन्दुक र सिङ फेला पारी पक्राउ गरेको हो। साथै कोहलपुर नगरपालिका-१३ सिम्री बस्ने शेर बहादुर खत्रीको घरबाट समेत एकनाले भरूवा बन्दुक १ थान प्रहरीले बरामद गरेको छ। हाल फरार शेर बहादुरको प्रहरीले खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

### अनलाइन मार्फत यौनहिंसा गर्ने व्यक्ति पक्राउ

***काठमाडौं, २४ साउन***

अनलाइन मार्फत यौनहिंसा गरेको अभियोगमा सिन्धुपाल्चोक ईन्द्रावती गाउँपालिका-९ बस्ने १९ वर्षीय समिर तामाङ र सोही ठाउँ बस्ने सुरेश तामाङलाई प्रहरीले पक्राउ गरेको छ। उनीहरूले फेसबुकमार्फत नाबालिकासँग प्रेम सम्बन्धको बहाना बनाई अडियो र भिडियो कलको माध्यमद्वारा मानसिक तनाव दिएपछि नाबालिकाले प्रोफाइल ब्लक गरेको र तत्पश्चात् पनि अपरिचित व्यक्तिको अश्लील फोटो र भिडियोमा पीडित नाबालिकाको अनुहार जोडी सामाजिक सञ्जालमा प्रकाशन तथा प्रदर्शन गरी दुःख हैरानी दिएको खुल्न आएपछि साईबर व्यूरो भोटाहिटीबाट खटिएको प्रहरीले उनीहरुलाई सिन्धुपाल्चोकबाट पक्राउ गरेको हो। उनीहरू उपर जिल्ला अदालत काठमाडौंबाट ५ दिन म्याद थप गरी आवश्यक अनुसन्धान गरिरहेको छ।

## महिलाको चरित्रहत्या गरेको अभियोगमा एक जना पक्राउ

***काठमाडौं, २५ साउन***

महिलाको चरित्र हत्या गरेको अभियोगमा दैलेख महाबु गाउँपालिका-२ घर भएका ३९ वर्षीय तुलाराम सारूलाई प्रहरीले पक्राउ गरेको छ । पसलमा सामान खरिद गर्ने क्रममा चिनजान भएकी महिलाको सिम कार्ड आफूसँग सिम नभएको बहानामा सारूले लिनुको साथै फेसबुकमार्फत महिलालाई साथी बनाई विवाह गर्ने प्रलोभनमा पारी म्यासेन्जरमार्फत अश्लिल भिडियो तथा तस्बिरहरू रेकर्ड गरी दु:ख हैरानी दिन थालेपछि प्रोफाइल ब्लक गरेपछि समेत नक्कली फेसबुक प्रोफाइलबाट पीडित महिलाको आफन्त तथा साथी भाइहरूलाई पठाइ चरित्रहत्या गरेको खुल्न आएपछि साईबर ब्यूरो भोटाहिटीबाट खटिएको प्रहरीले जिल्ला प्रहरी कार्यालय बाँकेको सहयोगमा उनलाई पक्राउ गरेको हो। उनी उपर जिल्ला अदालत काठमाडौंबाट ५ दिन म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको छ।

## स्रोत नखुलेको नगदसहित एक जना पक्राउ

***सिरहा ,२७ साउन***

सिरहा नगरपालिका-१७ माडर टोलबाट स्रोत नखुलेको ८ लाख २ हजार नेपाली रूपैयाँ र ४६ हजार १ सय भारतीय रूपैयाँसहित सोही ठाउँ बस्ने ४८ वर्षीय संजिव कुमार साहलाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी चौकी खिरौनाबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेको बा.१२ प १६३७ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा चालक साहलाई उक्त नगदसहित फेला पारी पक्राउ गरेको हो। उनलाई आवश्यक अनुसन्धान एवम् कारवाहीको लागि राजश्व अनुसन्धान कार्यालय इटहरी पठाइएको छ।

## जुवातास खेलिरहेको अवस्थामा २० जना पक्राउ

***काठमाडौं, २८ साउन***

*काठमाडौं महानगरपालिका-१७ ढल्कु बस्ने ५१ वर्षीय दिपेन पोडेको* सोही ठाउँस्थित ईन्द्रायणी वर्कशपमा जुवातास खेलिरहेको अवस्थामा पोडे समेत ९ जनालाई प्रहरीले पक्राउ गरेको छ । विशेष सूचनाको आधारमा प्रहरी वृत्त लैनचौरबाट खटिएको प्रहरीले उनीहरूलाई नगद ३५ हजार ८० रूपैयाँ र ३ बुक ताससहित पक्राउ गरेको हो।

**तनहुँ** ,आबुखैरेनी गाउँपालिका-३ पानीघट्टा बस्ने ४० वर्षीय प्रकाश बगालेको घरमा जुवातास खेलिरहेको अवस्थामा बगाले समेत ११ जनालाई प्रहरीले पक्राउ गरेको छ । विशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय आबुखैरेनीबाट खटिएको प्रहरीले उनीहरूलाई नगद ६२ हजार ३ सय १० रूपैयाँ र ४ बुक ताससहित पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## बंगलादेशी नागरिकहरूलाई बन्धक बनाई फिरौती माग गरेको अभियोगमा सात जना पक्राउ

***काठमाडौं, २८ साउन***

बंगलादेशी नागरिकहरुलाई वैदेशिक रोजगारीका लागि नेपाल हुँदै विभिन्न देश पठाईदिने भन्दै नेपालमा ल्याई बन्धक बनाई फिरौती माग गरेको अभियोगमा बंगलादेशका नागरिक ५ जना र नेपाली नागरिक २ जना गरी ७ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा बंगलादेश गाजिपुरका ४७ वर्षीय अमिर हुसेन, बंगलादेश बरिसालका ३७ वर्षीय मो. मोसहुर रहमान, बंगलादेशका २१ वर्षीय जाहाङ्गिर अलाम, ललितपुर हरिसिद्धि बस्ने बंगलादेश कुमिल्लाका ३८ वर्षीय सलिम मिया, काठमाडौं हाडीगाउँ बस्ने बंगलादेश ढाकाका २१ वर्षीया तहमिना बेगम, सिन्धुपाल्चोक बेलफी घर भई ललितपुर हरिसिद्दि बस्ने २७ वर्षीया तारा नेपाली र ईलाम चुलाचुली घर भई काठमाडौं नक्साल बस्ने ३३ वर्षीया रोशनी राई रहेका छन्। बंगलादेशी नागरिकहरुलाई वैदेशिक रोजगारीका लागि नेपाल हुँदै विभिन्न देश पठाईदिने भन्दै नेपालमा ल्याई बन्धक बनाई काठमाडौंको विभिन्न होटल तथा सेफ हाउसमा बन्धक बनाई परिवारको सदस्यहरुसँग १० लाख फिरौती माग गरेको र नदिएमा ज्यानसमेत लिने धम्की दिएकोमा उक्त रकम पठाएपश्चात पनि पुन: २० लाख टाका माग गर्दै डर त्रास दिएको भन्ने उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले अनुसन्धानको क्रममा काठमाडौं महानगरपालिका-९ कालीमाटीडोलस्थित मेमोरियल गेष्ट हाउस, ललितपुर महानगरपालिका-२८ हरिसिद्धिस्थित घर र काठमाडौं नक्सालस्थित रोशनी राईको केटीसी ब्युटी पार्लर स्पा मसाज सेन्टरमा बन्धक बनाई राखेका पीडितहरूलाई उद्दार गरी उनीहरुलाई पक्राउ गरेको हो । उनीहरु उपर मुलुकी अपराध संहिता, २०७४ बमोजिम तथा संगठित अपराध निवारण ऐन, २०७० बमोजिमको कसूरमा थप अनुसन्धान तथा कारबाहीको लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको छ।

## बालयौन दुरुपयोग गरेको अभियोगमा चाइल्ड केयर सेन्टरका संचालक पक्राउ

***ललितपुर, २९ साउन***

बालयौन दुरूपयोग गरेको अभियोगमा ललितपुर महानगरपालिका-२२ बुङ्गतीस्थित ब्लेस हाउस एण्ड चाइल्ड केयर सेन्टरका संचालक हुम्ला सिमिकोट गाउँपालिका-६ घर भएका ४१ वर्षीय दत्त सिंह बुढालाई प्रहरीले पक्राउ गरेको छ। दत्तसिंहले उक्त चाइल्ड केयरमा बस्दै आएकी ८ वर्षीया बालिकालाई गत असारदेखि साउन २६ गते बिहानसम्म बालयौन दुरूपयोग गरेको र बालिकाले यस्तो नगर्नु भन्दा कुटपिट तथा शारीरिक यातना समेत दिएको भन्ने उजुरीको आधारमा खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। बालिकालाई हाल संरक्षण गृहमा राखिएको छ। उनी उपर जिल्ला अदालत ललितपुरबाट ७ दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ। धादिङ बेनिघाट रोराङ गाउँपालिका-२ घर भई काठमाडौं नयाँबजार बस्ने २८ वर्षीय वीरेन्द्र तामाङ रहेका छन्। उक्त चोक नजिक गैंडाको खाग खरिद बिक्री गर्दै गरेको भन्ने विशेष सूचनाको आधारमा खटिएको प्रहरीले उनीहरूलाई उक्त खाग सहित फेला पारी पक्राउ गरेको हो । उनीहरूलाई थप अनुसन्धान तथा कारबाहीको लागि डिबिजन वन कार्यालय गोदावरी ललिपुरमा पठाइएको छ।

## कर्तव्य ज्यान मुद्दाका फरार अभियुक्त नकवजनी चोरी मुद्दामा कारागारमा रहेको पुष्टि

***काठमाडौं, २९ साउन***

कर्तव्य ज्यान मुद्दाका फरार अभियुक्त धादिङ त्रिपुरासुन्दरी गाउँपालिका-३ तल्लो पोखरा घर भएका ४६ वर्षीय शिवराम अधिकारी नाम परिवर्तन गरी नकवजनी चोरी गरेको मुद्दामा कारागारमा रहेको पुष्टि भएको छ । काठमाडौं महानगरपालिका-१४ बल्खु बोक्सीदह डाँडामा मकवानपुर मनहरा गाउँपालिका-३ बस्ने ५० वर्षीया अप्सरा भन्ने नारायणी तिमिल्सिना २०७४ पुस ३० गते मृत अवस्थामा फेला परेको घटनाको अनुसन्धानको लागि काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले अनुसन्धान गर्ने क्रममा नारायणीको हत्यामा उनीसँगै ज्यामी काम गर्ने शिवराम अधिकारी संलग्न भएको खुल्न आएको तथा घटना पश्चात फरार रहेका अधिकारी र केन्द्रीय कारागार सुन्धारामा रहेका अर्जुन अधिकारी एउटै व्यक्ति रहेको पुष्टि हुन आएको हो। अधिकारी २०७९ कात्तिक ६ गते थानकोटमा चोरी गर्दागर्दै पक्राउ परी नकवजनी चोरी मुद्दामा २०७९ कात्तिक २९ गते ३ वर्ष कैद सजाय ठहर भई अर्जुन अधिकारी नाममा उक्त कारागारमा रहेको खुल्न आएको छ। उनलाई थप अनुसन्धानको लागि प्रहरी वृत्त कालिमाटीमा पठाइएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनले जनाएको छ।

# उत्कृष्ट अनुसन्धान

## मुद्दा शीर्षक –जबरजस्ती करणी

मिति २०८०।०३।२७ गते अं.२२:०० बजेको समयमा का.जि. कागेश्वरी मनोहरा न.पा. वडा नं.८ गोठाटार स्थित प्रतिवादी हर्क ब. लुंगेली ले मा.प.से. गरी पीडित वृत्त नयाँ बानेश्वर २६ (७२) ०७९।०८० लाई बोल्न कराउन नदिई ज.ज.क गरे पश्चात २०८०।०३।२८ गते होटलमा काम गर्न भनी छोडिदिएको भन्ने व्यहोराको वृत्त नयाँ बानेश्वर २६(७२) ०७९।०८० को जाहेरी दरखास्त प्राप्त भएपश्चात प्रतिवादीलाई पक्राउ गरी सम्पूर्ण अनुसन्धान कार्य सम्पन्न गरी सम्मानित काठमाडौं जिल्ला अदालतमा मुद्दा पेश हुँदा प्रतिवादी पूर्पक्षको लागि कारागार थुनामा गएको।

## मुद्दा शीर्षक - मानव बेचबिखन

मिति २०७९ फाल्गुन देखि २०८०।०३।३१ गतेसम्म का.जि.का.म.न.पा.३२ कोटेश्वर स्थित ड्रिम गर्ल रेष्टुरेण्ट एण्ड बारमा बानेश्वर २६(१)०८०।०८१ लाई बन्धक बनाई काममा लगाई पैसा दिन्छु भनी ललाइ फकाई गरी डर त्रासमा पारी रेष्टुरेन्टमा आउने ग्राहकहरुलाई खुशी बनाउन भनी दैनिक ४/५ जनासँग जबरजस्ती शारीरिक सम्बन्ध राख्न लगाइ यौन सम्पर्क गर्न लगाई प्रतिव्यक्ति रु.२,५००/- लिने तथा घर परिवार कोही कसैलाई सम्पर्क समेत गर्न नदिई शारीरिक मानसिक यातना दिई डर त्रासमा पारी बन्धक बनाई शोषण गरेको भन्ने व्यहोराको बेथानी भीजन नेपालमा कार्यरत बबिता पुलामी मगरको जाहेरी दरखास्त प्राप्त भएपश्चात अनुसन्धान पश्चात मिति २०८०।०४।२९ गतेको सम्मानित काठमाडौं जिल्ला अदालतको आदेशले प्रतिवादी मध्येकी रिमा तामाङ मुद्दा पूर्पक्षको लागि कारागार कार्यालय जगन्नाथदेवल, काठमाडौंमा पठाएको, अर्जुन तामाङको हकमा रु.२,५०,०००।– धरौटी माग भएकोमा उक्त धरौटी दाखिला गर्न नसकी कारागार कार्यालय, जगन्नाथदेवल, काठमाडौंमा पठाएको, अर्का प्रतिवादी लाल ब. थोकरको हकमा रु.१,५०,०००।– धरौटी माग भएकोमा दाखिला गरी तारेखमा छुटी गएको।

## मुद्दा शीर्षक – बाल यौन दुरुपयोग

मिति २०८०।०४।०५ गते अं.१४:०० बजेको समयमा का.जि. का.म.न.पा.१० बानेश्वर थापागाउँ स्थित पीडित र पीडक एउटै घरमा कोठा भाडामा लिई बस्दै आएकोमा पीडक नरेश कुमार खड्काले पीडित बर्ष १३ की बालिकालाई बाल यौन दुरुपयोग गरेको भन्ने व्यहोराको रेणुका चौधरीको जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धान कार्य सम्पन्न भएपश्चात सम्मानित काठमाडौं जिल्ला अदालतको मिति २०८०।०४।३१ गतेको आदेशले मुद्दा पूर्पक्षका लागि प्रतिवादी थुनामा राख्न कारागार कार्यालय, जगन्नाथदेवल काठमाडौं पठाईएको।

## मुद्दा शीर्षक – ज्यान सम्बन्धी कसूर

मिति २०८०।०३।३१ गते बिहान अं.०३:३० बजेको समयमा जिल्ला प्यूठान स्वर्गद्वारी न.पा. वडा नं.९ कालिपोखरी बिसुना बस्ने मेरो छोरी बर्ष २१ की सिमा भन्ने सिमाना घर्ती मगर बच्चा जन्माउने सुत्केरी व्यथा लागे पश्चात ज्वाँई चित्र बहादुर बाँठा मगर समेतले स्वास्थ्य चौकी नलगी गाउँकै कुन्तीदेवी घर्ती मगरलाई सुडेनी राखी बच्चा जन्माउन लगाई गम्भीर लापरबाही गरी घरमा नै बच्चा जन्माएको र राम्रो सँग हेरबिचार नगरी धेरै रगत बगेको कारण सुत्केरी छोरीको मृत्यु भएको हुँदा कानून बमोजिम कारवाही गरी पाउँ भन्ने व्होराको जाहेरी दरखास्त प्राप्त भएकोमा सम्पूर्ण अनुसन्धानपश्चात सम्मानित प्यूठान जिल्ला अदालतको मिति २०८०।०४।२१ गतेको आदेशले निज प्रतिवादी चित्र बहादुर बाँठा मगरलाई रु.६५,०००/- धरौटी तारेखमा छाडिएको।

## मुद्दा शीर्षक –आगो लगाई कर्तव्य ज्यान

मिति २०८०।०३।२९ गते बिहान ०१:३० बजेको समयमा जिल्ला रुपन्देही, गैडहवा गा.पा. वडा नं.५ गिदहिया चमारटोल स्थित आफ्नो घरकोठाको बाहिर बरण्डामा ऐ.ऐ. बस्ने बर्ष २३ की मोवती चमार आफ्नो बर्ष १४ की छोरी पुष्पा चमार र ६ बर्षको छोरा धर्मेन्द्र चमारलाई साथमा लिई खटियामा सुतेको अवस्थामा अपरिचित व्यक्तिले प्रज्वलनशील पदार्थ छर्की आगो लगाई सख्त घाईते भई उपचारको लागि मेडिकल कलेज भैरहवामा पठाईएकोमा निज मोवती चमारको उपचारको क्रममा मृत्यु भएको हुँदा सो घटनामा संलग्न रहेका जिल्ला रुपन्देही लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं.८ भरवलिया बस्ने बर्ष २५ को शैलेश यादव (अहिर) को संलग्नता रहेकोले निजलाई कानून बमोजिम गरी पाउँ भन्ने समेत व्यहोराको जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धान कार्य पूरा गरी सम्मानित रुपन्देही जिल्ला अदालतमा मुद्दा पेश हुँदा मिति २०८०।०४।२५ गतेको आदेशले प्रतिवादीलाई पूर्पक्षको लागि थुनामा राख्ने आदेश भएको।

## मुद्दा शीर्षक –आपराधिक उपद्रव र जातीय आधारमा छुवाछुत तथा अन्य भेदभावपूर्ण व्यवहार गरेको

मिति २०८०।०३।१७ गते बिहान जिल्ला जुम्ला तातोपानी गा.पा. वडा नं.४ बस्ने भरत नेपालीको घरमा अन्तरजातीय विवाहको कारण ऐ.ऐ. बस्ने हिक्मत गिरी, कैलो गिरी र नारायण गिरीले आगो लगाई फरार भएकोमा निजहरुलाई पक्राउ गरी अनुसन्धान पश्चात सम्मानित जुम्ला जिल्ला अदालतको आदेशले प्रतिवादी हिक्मत गिरी पूर्पक्षको लागि कारागार थुनामा गएको, अन्य २ जना प्रतिवादी जिम्मा जमानीमा छुटेको।

## मुद्दा शीर्षक – ज.ज.क.

मिति २०८०।०३।२८ गते अं.१२:०० बजेको समयमा जिल्ला मकवानपुर, हेटौडा उ.म.न.पा. वडा नं.४ स्थित दिपक श्रेष्ठको घर कोठा भित्र अन्यायी नाम परिवर्तित ३१(०८०।०८१-A1) ले ललाई फकाई बिवाह गर्छु भनी प्रलोभनमा पारी बर्ष १३ कि नाम परिवर्तित ३१(०८०।०८१-०१) लाई पट -पटक जवरजस्ती करणी गरेको हुँदा कानून बमोजिम गरी पाउँ भन्ने समेत ब्यहोराको नाम परिवर्तित ३१(०८०।०८१-०१) को जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धान पश्चात सम्मानित मकवानपुर जिल्ला अदालतको मिति २०८०।०४।२३ गतेको आदेशले प्रतिवादीलाई पूर्पक्षको लागि बाल सुधार गृहमा राख्न पठाईएको।

## मुद्दा शीर्षक – बाल यौन दुरुपयोग

भरतपुर म.न.पा. वडा नं.११ स्थित सिद्धिविनायक मा.वि.मा कक्षा १० मा अध्ययन गर्ने नाबालिका छोरी (परिवर्तित नाम ३५ भरतपुर (७७) (२०७९/२०८०) मिति २०८०।०३।२१ गते बेलुकी छोरी रुँदै घर फर्किएको देखि के भयो भनी सोधपुछ गर्दा स्कुलमा पढाउने सहायक प्रधानाध्यापक अं.वर्ष ५० को सहदेव वि.क. लकानीले यौन दुर्व्यवहार तथा अनैतिक कार्य गरेको, उक्त कार्य बिगत देखि पटक-पटक गर्दै आईरहेको भनी पीडित छोरी मार्फत बुझिन आएपश्चात उक्त स्कुलमा अध्ययन गराउने शिक्षिका समेतलाई जानकारी गराउँदा समेत निज प्रतिवादीको उक्त कार्य नरोकिएकोले निज प्रतिवादी लाई पक्राउ गरी कानून बमोजिम कारबाही गरी क्षतिपुर्ति समेत दिलाई भराई पाउँ भन्ने समेतको व्यहोराको परिवर्तित नाम गणेशथान (क) (२०७९/०८०) को जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धान पूरा गरी सम्मानित चितवन जिल्ला अदालतमा मुद्दा पेश हुँदा सम्मानित अदालतको मिति २०८०।०४।२६ गतेको आदेशले रू.३०,०००/- धरौटी राखी तारेखमा छुटेको।

# अपराध अनुसन्धान विभाग
# नागरिक सूचना इकाई द्वारा प्रकाशित
# मासिक ई- बुलेटिन

सत्य सेवा सुरक्षणम्

**नेपाल प्रहरी प्रधान कार्यालय**
**अपराध अनुसन्धान विभाग**
**नक्साल काठमाडौं**

Email: cicu@nepalpolice.gov.np, cidpiuphq@gmail.com Web: www.cid.nepalpolice.gov.np